मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बालश्रम अन्त्य गरौं**

**बालश्रमका कारण:**
- शिक्षाबाट बञ्चित हुने,
- मानसिक र शारीरिक स्वास्थ्यमा असर पर्ने,
- भविष्य अन्धकार हुने,
- बालअधिकारको उल्लंघन हुन्छ,

**त्यसैले:**
- बालश्रमको विरोध गरौं,
- शिक्षाको पहुँच सबैमा सुनिश्चित गरौं,
- गरिबी निवारणमा सहयोग गरौं,
- बालश्रम गराउनेलाई कानुनी कारबाही गर्न सहयोग गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

### हेटौंडाको बजेट २ अर्ब ९० करोड

# आयोजना बैंक कार्यान्वयन गर्ने, तेस्रो सन्तान जन्मलाई प्रोत्साहन

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि बजेटको आकार बढाएको छ ।

मंगलबार बसेको उपमहानगरको १७ औं नगरसभा बैठकमा नगरउपप्रमुख राजेश बानियाँले २ अर्ब ९० करोड ३ लाख रुपैयाँको बजेट प्रस्तुत गरेका हुन् । उपप्रमुख बानियाँले चालु आर्थिक वर्षको बजेटमा १९ प्रतिशत वृद्धि गरी बजेट प्रस्तुत गरेका छन् । हेटौंडाले चालु आर्थिक वर्षका लागि २ अर्ब ४३ करोड ८० लाख रुपैयाँ बजेट सार्वजनिक गरेको थियो । बजेटको खर्च व्यहोर्ने स्रोततर्फ संघीय सरकारबाट प्राप्त हुने अनुदान १ अर्ब १९ करोड ५० लाख, आन्तरिक स्रोतबाट ६२ करोड ७६ लाख ८० हजार, राजस्व बाँडफाँडबाट ९२ करोड ७० लाख ५५ हजार, प्रदेश सरकारबाट विभिन्न अनुदानबाट प्राप्त हुने ११ करोड ४५ लाख ७५ हजार तथा नगर विकास कोषबाट ऋृण ३ करोड ६० लाख रुपैयाँ अनुमान गरिएको उपप्रमुख बानियाँले बताएका छन् ।

उपमहानगरको नीति कार्यक्रम र बजेटबाट नगरबासीको आधारभूत आवश्यकता परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने र लोकतन्त्रको सवलीकरण हुने उपप्रमुख बानियाँको भनाई छ । आगामी आर्थिक वर्षको लागि उपमहानगरले हेटौंडा-१० मा निर्माणाधीन एकीकृत बसपार्क तथा टर्मिनल भवन निर्माणको लागि ४ करोड बजेट विनियोजन गरेको छ । पदमपोखरीमा मुख्य सडक विस्तार, बृहत खानेपानी, चक्रपथ सडक लगायत योजनाका लागि ७ करोड बजेट विनियोजन गरिएको छ ।

उज्यालो सहर कार्यक्रम अन्तर्गत स्ट्रिटलाइट जडानको लागि ४० लाख, तामाङ संग्रहालय निर्माणको लागि ४० लाख र नेवा संग्रहालय निर्माणको सुरुवात गर्न २० लाख बजेट विनियोजन गरेको उपप्रमुख बानियाँले बताए । विगतका वर्षदेखि सञ्चालनमा आएका बहुवर्षीय योजना सम्पन्न गर्नको लागि ४ करोड बजेट विनियोजन गरिएको छ । महिलामैत्री शहर, लुमन्ती परियोजना, विन परियोजनालगायत साझेदारीमा सञ्चालन हुने योजनाको लागि उपमहानगरले १ करोड बजेट विनियोजन गरिएको छ । त्यसैगरी हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा मेघा विद्यालय पूर्वाधार निर्माणका लागि विद्यालयको ५० प्रतिशत लागत साझेदारीमा निर्माण कार्य सुरुवात गर्न ५० लाख बजेट विनियोजन गरिएको उपप्रमुख बानियाँले बताएका छन् ।

त्यसैगरी हेटौंडा अस्पतालमा निर्माणधीन बाल तथा प्रसुतिकक्षमा एनआइसियु र पिआईसियु सेवा सञ्चालनको लागि २ करोड बजेट विनियोजन गरिएको छ । हेटौंडाले हरियाली, वृक्षरोपण तथा रंगरोगन, सफा हेटौंडा, जलवायु, वन तथा भूसंरक्षण, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण र जलउत्पन्न प्रकोप नियन्त्रण, फोहोरमैला व्यवस्थापन, ढल तथा नाला पूर्वाधार, खानेपानी सरसफाइतर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न ३ करोड १५ लाख ५० हजार बजेट विनियोजन गरिएको छ । हेटौंडाले वन, वातावरण विपद् व्यवस्थापन कोष र वातावरण विकास कोषको लागि ६ करोड २० लाख ५० हजार बजेट विनियोजन गरेको छ ।

अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिता, सहिद स्मृति स्थानीय गोल्डकप, उपमेयर कप महिला तथा पुरुष भलिबल, मेयर कप रनिङशिल्ड, मेयर कप फुटबल जस्ता खेलकुद प्रतियोगिता आयोजना र विभिन्न खेलकुद मैदान तथा पूर्वाधार निर्माण, सीप विकास तालिम, खेलसामग्री सहयोग, खेलकुद प्रतियोगितामा सहभागितालगायत कार्यक्रमका लागि २ करोड ५५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । मेयरसँग स्वरोजगार कार्यक्रम, चिज बनाउने उद्योग, कपाल कटाई, काष्ठकला, मकैको खोस्टा र थाकलको चकटीसम्बन्धी तालिम सञ्चालन गर्न, कोसेलीघर सञ्चालनलगायत उद्योग, वाणिज्य तथा सहकारीतर्फ उपमहानगरपालिकाले ९८ लाख ३६ हजार व्यवस्था गरेको छ ।

हेटौंडाले आर्थिक विकास क्षेत्रभित्रका योजना तथा कार्यक्रमका लागि ४ करोड ६९ लाख ७ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । अटोभिलेज पूर्वाधार निर्माण हेटौंडा-११, वाटर फन पार्क हेटौंडा-१४, गंगा आरतीस्थल हेटौंडा- १० का लागि बजेट व्यवस्था गरिएको छ । उपप्रमुख बानियाँले कार्यसञ्चालन तथा प्रशासनिक खर्च व्यवस्थापनको लागि ५९ करोड ६५ लाख ९० हजार रुपैयाँ, सुशासन तथा संस्थागत विकासतर्फ ३ करोड ८९ लाख रुपैयाँ बजेट विनियोजन गरिएको बताए ।

**तेस्रो सन्तान जन्मलाई प्रोत्साहन गर्ने उपमहानगरको नीति**

हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्षदेखि आयोजना बैंक कार्यान्वयनमा ल्याउने भएको छ । १७ औं नगरसभा



बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरप्रमुख मीनाकुमारी लामाले योजना तर्जुमा प्रणालीलाई व्यवस्थित गर्न आयोजना बैंकलाई कार्यान्वयनमा ल्याइने बताइन् । 'घुमौ हेटौंडा चिनौं हेटौंडा' भन्ने नारासहित आन्तरिक पर्यटन प्रवर्द्धनका लागि होटल एशोसियसन मकवानपुरसँगको सहकार्यमा सिटी टुर कार्यक्रमको थालनी गरिने भएको छ ।

तामाङ र नेवा भाषाको प्रवर्द्धन गर्न स्थानीय पाठ्यक्रमका रुपमा विद्यालय तहमा पठनपाठनका लागि आवश्यक व्यवस्था मिलाइने भएको छ । नगरप्रमुख लामाका अनुसार दक्षिण एसियाको पहिलो मानवनिर्मित चुरे सुरुङको पर्यटकीय सम्भावना अभिवृद्धि गर्न संघ र प्रदेश सरकारको समन्वय एवम् सहकार्यमा प्रवर्द्धनात्मक कार्य गरिने भएको छ । त्यसैगरी 'मेयरसँग जनता स्वास्थ्य कार्यक्रम' अन्तर्गत ज्येष्ठनागरिक, अपाङ्ग तथा एकल महिला/पुरुषलाई प्राथमिकतामा राखी समुदायस्तरमा कार्यक्रम सञ्चालन गर्ने नीति उपमहानगरको रहेको छ ।

उपमहानगरले नीति तथा कार्यक्रममा तेस्रो सन्तान जन्मलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरेको छ । तेस्रो सन्तान जन्मलाई प्रोत्साहन गर्न कोष खडा गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने नगरप्रमुख लामाले बताइन् । नगर क्षेत्रमा उत्सर्जन हुने फोहोर मैलाको दिगो व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी अवधारणामा फोहोर व्यवस्थापन कार्यलाई उपमहानगरले निरन्तरता दिने भएको छ । डिजिटल सिटीको अवधारणालाई अघि बढाउने नीति उपमहानगरपालिकाको रहेको छ ।

उपमहानगरले आगामी आर्थिक वर्षमा हेटौंडा अस्पतालमा निर्माण थालनी गरिएको एकसय बेडको बाल तथा प्रसुती कक्षको अधुरो निर्माणकार्यलाई सम्पन्न गरी एनआईसीयु र पिआईसीयु सेवा सञ्चालन गरिने जनाएको छ । एनआईसीयु सेवाको अभावमा हेटौंडामा नवजातशिशुको जन्म समयमा उपचारका लागि चितवन धाउनुपर्ने बाध्यात्मक अवस्था हट्ने विश्वास लिइएको छ । आगामी आर्थिक वर्षमा हेटौंडा-१४ मा सार्वजनिक निजी साझेदारीको अवधारणमा सुविधा सम्पन्न फन पार्क निर्माण गर्ने, किसान सूचीकरणको कार्य आगामी आवमा सम्पन्न गर्ने, किसान वर्गीकरण र किसान परिचयपत्र वितरण गरिने भएको छ ।

युवालक्षित कृषि कार्यक्रम सञ्चालन, प्रांगारिक मलको प्रयोगलाई प्रोत्साहित गर्ने र एकवडा, एक

> 'घुमौ हेटौंडा चिनौं हेटौंडा' भन्ने नारासहित आन्तरिक पर्यटन प्रवर्द्धनका लागि होटल एशोसियसन मकवानपुरसँगको सहकार्यमा सिटी टुर कार्यक्रमको थालनी गरिने भएको छ ।

कृषिउत्पादन कार्यक्रम हेटौंडा-१३ मा मेवाखेती र १ मा कोदोखेती कार्यक्रमलाई निरन्तरता दिइने भएको छ । २०८१/८२ मा आन्तरिक स्रोत, राजस्व बाँडफाँड र संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा अपेक्षाअनुसार वृद्धि नहुँदा कतिपय महत्वपूर्ण योजना र कार्यक्रम कार्यान्वयन गर्न नसकेको भन्दै हेटौंडा-१० को निर्माणाधीन एकीकृत बस टर्मिनलसहितको सपिङ कम्प्लेक्स निर्माणकार्य पूरा गरी सञ्चालनमा ल्याइने नगरप्रमुख लामाले बताइन् ।


अनलाइन नक्सा प्रणाली कार्यान्वयनमा ल्याइने, हेटौंडा-४ मा बहुउद्देश्यीय तथा व्यावसायिक भवन निर्माण भएको ढिलाई र अन्यौलताको कानुनसम्मत् निकास निकाली भवन निर्माण प्रक्रिया अगाडि बढाइने र सार्वजनिक सम्पत्ति संरक्षण गर्ने गरी आगामी आवको नीति तथा कार्यक्रम ल्याइएको छ । यसैगरी, रोजगार सेवाकेन्द्रलाई प्रभावकारी बनाई बेरोजगार व्यक्तिलाई सीप सिर्जना सहित रोजगारमा जोड्ने र स्थानीय सामुदायिक पूर्वाधार मर्मतसम्भार लगायत श्रममूलक कार्यमा संलग्न गराई लक्षित वर्गको जीवनस्तरमा सुधार ल्याइने नीति लिइने भएको छ ।

नगरप्रमुख लामाले वडा नं. १३ र १६ का नगर अस्पताललाई संघ र प्रदेश सरकारको समन्वय र सहकार्यमा आवश्यक पूर्वाधार विकास गरी स्वास्थ्य बीमासहितको अस्पतालको रुपमा विकास गरिने बताइन् । पालिकाको स्रोत वृद्धि गर्न करका दायरका विस्तार गर्ने नीति आगामी आवमा उपमहानगरपालिकाले लिनेभएको छ । पर्यटन प्रवर्द्धनलगायत साझा सरोकारका कार्य गर्न अन्तरपालिका समन्वय सञ्जाललाई कार्यविधि बनाई कार्यान्वयन व्यवस्थित गरिने नगरप्रमुख लामाले नीति तथा कार्यक्रममा जानकारी दिइन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३२३



साझाकुरा

## हाम्रो कुरा

# जनता माविमा बहुमुखी क्याम्पस ?

पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा गाउँपालिकाबासी जनप्रतिनिधि र सरकारी कर्मचारीले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गर्नुपर्ने नीति ल्याएको छ । यदि भर्ना नगरेमा तलब र सेवासुविधाबाट १० प्रतिशत शैक्षिककर तिर्नुपर्ने आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । बागमती–८ मा रहेको जनता माविलाई बहुमुखी क्याम्पसकारुपमा सञ्चालन गर्ने योजना अघि सारेको छ ।गाउँमै बहुमुखी क्याम्पस संचालन हुनु अत्यन्तै सकारात्मक विषय हो । घरको मिठो मसिनो खाएर उच्चशिक्षा अध्ययन गर्न पाउने नैसर्गिक अधिकार सुरक्षित हुनेछ । तर, पछिल्ला दिनहरुमा गाउँमा विकास पुग्यो तर, उपभोक्ता जति सबै बसाईं सर्दै सहर केन्द्रित हुन थाले । गाउँमा पुगेको विकासको उपभोक्ता घट्दै गएका छन् । नेपालमा यो ठूलो चुनौती बन्दैछ । यो विषयमा पनि गाउँपालिकाले गाउँमा आफ्नो जनता टिक्नसक्ने योजना पनि बनाउनु जरुरी भइसकेको छ । गाउँको बिघौं जमिन बेचेर वा अलपत्र छोडेर सहरमा १० धुरमा सीमित बन्न रुचाउने उपभोक्ताका लागि किन विकास गर्ने ? शिक्षा, स्वास्थ्य, यातायात, संचार, सिंचाईं, खानेपानी जस्ता विकासका महत्वपूर्ण पूर्वाधारमा स्थानीय सरकारले ठूलो धनराशि लगानी गरिरहेका छन् । तर, उपभोक्ता सहरमा बसाईं सरिरहेका छन् । यसले विकासको संतुलन गुमाउँदै जाने निश्चित छ ।

गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सहित ८३ करोड ७२ लाख ६७ हजार रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको दोस्रो गाउँसभाको सातौं अधिवेशनमा अध्यक्ष सर्केस घलानले नीति तथा कार्यक्रम र उपाध्यक्ष फणिन्द्रकुमार तिमल्सिनाले चालू आर्थिक वर्षको भन्दा १२ करोडले बढी बजेट प्रस्तुत गरेका हुन् । गाउँपालिकाले चालू आर्थिक वर्षको लागि ७१ करोड ६८ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । आर्थिक वर्ष ०८२/८३ मा नीति तथा कार्यक्रम कार्यान्वयनका लागि प्रस्तुत बजेटमा आन्तरिक स्रोतबाट ९ करोड ८ लाख २५ हजार रुपैयाँ, राजस्व बाँडफाँटबाट २२ करोड ५९ लाख, ३१ हजार ६७४ रुपौयाँ, प्रदेश सरकारबाट ५ करोड ९९ लाख ११ हजार रुपैयाँ र संघीय सरकारबाट ४६ करोड ६ लाख रुपैयाँ व्यहोरिने उल्लेख गरिएको छ । गाउँसभामा बजेट प्रस्तुत गर्दै गाउँपालिका उपाध्यक्ष तिमल्सिनाले आगामी आर्थिक वर्षमा सामाजिक विकास क्षेत्रमा कुल बजेटको आधा बजेट विनियोजन गरिएको बताए । सामाजिक क्षेत्रका विभिन्न कार्यक्रमका लागि सबैभन्दा बढी ४२ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । गाउँपालिकाको महत्वपूर्ण खानेपानी आयोजनाको रुपमा रहेको गुन्द्रुकखोला खानेपानी आयोजनाको लागि संघीय विशेष अनुदानतर्फ २ करोड २० लाख, आठौं बागमती राष्ट्रिय गोल्डकप फुटबल प्रतियोगिताको लागि ५० लाख बजेट प्रस्ताव गरेको छ । राईगाउँ-क्यान्टिन सडक र कुटीभकारी-गुर्दुम सडकको लागि प्रदेश समपूरक अनुदानअन्तर्गत ३ करोड ८५ लाख बजेट प्रस्ताव गरिएको छ ।

स्थानीय ग्रामीण सडक तथा झोलुङ्गे पुल कार्यक्रमअन्तर्गत् गाउँपालिकाको महत्वपूर्ण सडक योजना, स्थानीय ग्रामीण सडक तथा झोलुङ्गे पुल निर्माणसमेतका आयोजनाको लागि ४ करोड ५८ लाख ५० हजार बजेट प्रस्ताव गरिएको छ । गाउँपालिकाको स्थानीय स्रोतसाधनको प्रयोग गरी आन्तरिक आयमा बढोत्तरी गर्नका लागि आगामी आर्थिक वर्ष ०८२/८३ मा आफैंले क्रसर उद्योग स्थापना गर्ने तयारी गरेको छ । क्रसर उद्योग स्थापनाका लागि ५ करोड ७५ लाख बजेट प्रस्ताव गरिएको गाउँसभामा जानकारी दिइएको छ । पूर्वाधार विकासका लागि १७ करोड, कार्यालय सञ्चालन तथा प्रशासनिक कार्यका लागि १२ करोड २६ लाख, वातावरण तथा विपत् व्यवस्थापनका लागि १ करोड १६ लाख, आर्थिक विकासका लागि ५ करोड ४३ लाख र सुशासन तथा संस्थागत विकासका लागि ४ करोड ५४ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । गाउँसभामा वार्षिक नीति तथा कार्यक्रममा प्रत्येक वडा कार्यलयबाट सामाजिक सुरक्षाभत्ता वितरण गर्ने र एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्ने नीति लिएको छ । आगामी आर्थिक वर्षमा पालिकाले नै क्रसर उद्योग स्थापना गरेर सञ्चालन गर्नका लागि बजेट विनियोजन गरिएको छ । पालिकाले प्रस्तुत गरेको नीति, कार्यक्रम र वजेट असार २८ गते पारित गर्ने योजना रहेका गाउँपालिकाले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार १२ गते बिहीबार २६ जुन २०२५ । प्रतिपदा, असाढ शुक्लपक्ष । दिल्लाध्व ११४५ ने.सं. । सूर्योदय ५:१२, सूर्यास्त ७:०२ । विश्व लागूपदार्थ ओसार-पसार विरुद्धको दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | **तुला** | : मन खिन्न बनाउन सक्छ |
| **वृष** | : काममा परिवारकोसहयोग मिल्नेछ | **वृश्चिक** | : दिन उत्साहपूर्ण बन्नेछ |
| **मिथुन** | : स्वास्थ्यमा कमजोरी हुनेछ | **धनु** | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| **कर्कट** | : उपचारमा खर्च हुनेछ | **मकर** | : व्यावसायिक यात्राको सम्भावना छ |
| **सिंह** | : लेनदेनमा विवाद हुनेछ | **कुम्भ** | : दाम्पत्य जीवन सुखद बन्नेछ |
| **कन्या** | : धार्मिक कार्यले फाइदा हुनेछ | **मीन** | : आम्दानी राम्रो हुनेछ |

# इरानसँग घनिष्ठ थियो नेपाल, तेहरानमा थिए नेपाली राजदूत



✍ डा. निश्चलनाथ पाण्डे

इरानमा भइराखेको इजरायली तथा अमेरिकी सैन्य आक्रमण र राष्ट्रपति ट्रम्पद्वारा खुलेआम इरानमा सत्ता पलटलाई आफूले समर्थन गर्ने घोषणाले नेपाललाई इरानसँगको सम्बन्धमा घोत्लिन बाध्य बनाएको छ । इरानमा राजा रेजा शाह पहलवीको शासन हुँदा नेपालको सम्बन्ध राम्रो मात्र होइन नेपाली दूतावास समेत तेहरानमा थियो भन्ने कुरा अहिलेको पिंढीलाई थाहा नहुन सक्छ । ईश्वरीराज पाण्डे नेपालको पहिलो (र हालसम्म अन्तिम) नियोग प्रमुख हुनुहुन्थ्यो । परराष्ट्र मन्त्रालयको क्यारियर कूटनीतिज्ञ पाण्डे पछि बेलायतका लागि राजदूत र अतिरिक्त सचिव हुनुभयो ।

राजा रेजा शाह पहलवीले इरानलाई विश्वकै महाशक्ति बनाउने उद्देश्यले बृहत् योजना बनाएका थिए । उनको देश मध्य-पूर्वकै सबैभन्दा विकसित र आधुनिक थियो । तेहरान विमानस्थल अहिलेका दुबई र दोहा विमानस्थल झैं विश्वभरका यात्रीका लागि ट्रान्जिटको लागि प्रयोग हुन्थ्यो । राजा शाह पहलवीले आफ्नो देशको सौम्य शक्ति प्रवर्धनको लागि सन् १९७१ मा मुलुकको पुरानो नाम पर्सियाको २५०० औं जन्मजयन्ती समारोह आयोजना गरेका थिए ।

गिनिज बुकमै संग्रहित भएको यो समारोह र भोजमा ६० देशका राष्ट्रप्रमुख वा सरकारप्रमुखको सहभागिता थियो । नेपालबाट यस समारोहमा राजा महेन्द्र र रानी रत्नको इरान भ्रमण भएको थियो । त्यस बेला इरानका विश्वविद्यालयहरू पनि अब्बल मानिन्थे । उसै बेला नै इरानका वैज्ञानिक, डाक्टर, इन्जिनियरहरू मध्यपूर्वमै सबैभन्दा दक्षमा गनिन्थे । साउदी अरबिया, कतार, युएई, कुवेत, बहराइन जस्ता अहिलेका धनी देशहरू इरानको वैभव र समृद्धि देखेर अचम्मित हुन्थे किनकि उनीहरू भर्खरै स्वतन्त्र भएकाले तेल र ग्याँसको उत्खनन गरिसकेका थिएनन् ।

असीमित तेल उत्खनन र अमेरिका र युरोपेली देशसँगको नजिकको सम्बन्धका कारण राजा शाहमा सत्ता उन्माद बढ्दै थियो र उनले सोभियत रूससँग टाढिने मात्र होइन अमेरिकाबाट अत्याधुनिक हातहतियार, लडाकु विमान खरिद गर्ने निधो गरे । सम्पूर्ण मध्य पूर्वमा अमेरिकाको लागि राजा शाह जस्तो प्रिय र भरपर्दो मित्र नै अरू कोही थिएन । सन् १९७५ मा राजा वीरेन्द्रको शुभ राज्याभिषेक समारोहमा भाग लिन राजा शाहका भाइ गुलाम रेजा पहलवी काठमाडौं आएका थिए ।

सन् १९७८/७९ सम्म आइपुग्दा इरानी युवा पिंढीमा इस्लामिक अतिवादी धर्मगुरु आयोतोल्ला खोमेनीको प्रभाव बढ्न थाल्यो । राजपरिवारको अनावश्यक खर्च, अमेरिकासँगको चाहिने भन्दा न्यानो आलिंगन, रूस र साम्यवादी मुलुकहरूसँगको चिसो सम्बन्धका कारण शीतयुद्धकालीन विश्वमा इरानलाई अमेरिकाको उपनिवेशको रूपमा हेरिन थालियो । राष्ट्रपति जिम्मी कार्टरले वाशिङ्टनमा शासन शुरू गरेपछि त झन् राजतन्त्रको विरोधमा ठूला प्रदर्शनहरू हुन थाले । कार्टरलाई एक कमजोर र निर्णय लिन नसक्ने राष्ट्रपतिको रूपमा हेरिन्थ्यो ।

सन् १९७९ मा विद्यार्थी आन्दोलन बढ्दै जाँदा राजा शाह पहलवीले कार्टर प्रशासनको पूर्ण समर्थनको लागि अनुरोध त गरे तर आयोतोल्ला खोमेनी स्वयं फ्रान्समा बसेर राजतन्त्रको अन्त्यको लागि पहल गरिराखेका थिए र अमेरिकासँग गोप्य वार्ता समेत गरेर आफू सत्तामा आए अमेरिकी स्वार्थलाई नजर अन्दाज नगर्ने कबुल गरिराखेका थिए । अत्याधुनिक पश्चिमी पहिरनमा अंग्रेजी गीत गाएर इरानी छात्र-छात्राहरू सडक प्रदर्शन गर्न थाले । लोकतन्त्रको पक्षमा जनमत बन्न थाल्यो । नेतृत्व समेत मुलुकमा नभएको विद्यार्थी आन्दोलन शक्तिशाली बन्दै गयो । आन्दोलन बढ्दै जाँदा, नेपालले आफ्नो कार्यवाहक राजदूत र दूतावासमा कार्यरत कर्मचारीलाई तुरुन्त फिर्ता आउने निर्देशन दियो । राजदूत पाण्डेका छोरा बैंकर सिद्धान्तराज पाण्डे दिल्ली उड्न लागेको 'प्यान आम' विमानमा केही सिट पाएर आफ्नो पितासँग इरानबाट फिर्ता आएको सम्झना सुनाउनुहुन्छ । संयोगले त्यो नै प्यान आम एयर लाइन्सको इरानबाट अन्तिम उडान थियो ।

केही दिनमै इरानमा राजतन्त्रको अन्त्य भयो । राजा देश छोडेर गए । नेपालले त्यसपछि आफ्नो दूतावास नै बन्द गर्ने निर्णय लियो जुन निर्णय आजसम्म कायम नै छ । हाल नेपालको इजरायल, कतार, युएई, ओमन, साउदी अरेबिया, कुवेन, बहराइनमा दूतावास छ तर इरानमा पुन: दूतावास खोल्ने सोच सन् १९७९ पछि कहिल्यै पनि बनाएन ।

आफ्नो देश निरंकुश राजतन्त्रबाट लोकतन्त्रमा परिणत हुने इच्छामा सडकमा आएका युवा पिंढी केही महिनामै अतिवादी इस्लामिक रुढिवादीको चंगुलमा फस्न पुगे । महिलाहरूले टाउकोदेखि खुट्टासम्म कालो बुर्का लगाउनुपर्ने कट्टरपन्थीहरूको आदेशको विरोध त शुरू भयो तर विरोधीहरूलाई अल्लाहको विरोध गरेको भन्दै जेल हाल्न थालियो ।

नयाँ संविधानमा इरानको सार्वभौमिकता अल्लाहमा निहित हुनेछ भनेर लेखिएपछि त आयोतोल्लाह नै राष्ट्राध्यक्ष, सेनाको परमाधिपति भए । यसरी प्रजातन्त्रको लागि गरिएको आन्दोलनलाई भ्रष्ट, रुढिवादी ठगहरूले अपहरण गरे ।

वाक् स्वतन्त्रता हनन गरियो । प्रेस र वाक् स्वतन्त्रता शाहको शासनकाल भन्दा निकै गुणा तल झर्‍यो । आयोतोल्लाहलाई आलोचना गर्नेलाई मृत्युदण्ड दिन थालियो । धर्मगुरुहरूको निरंकुश शासनमा विशेष गरी महिला माथि अत्याचार नै शुरू भयो । चेतनाको बन्दी भयो । केही वर्षभित्रै इरानमा अराजकता शुरू भयो ।

राजा शाहलाई हस्तान्तरण गर्न दबाब दिंदै इस्लामिक कट्टरपन्थीले अमेरिकी दूतावास नै कब्जा गरेर त्यहाँका ६६ जना अमेरिकी कूटनीतिज्ञलाई नियन्त्रणमा लिए । यसपछि इरानको अमेरिकासँग मात्र होइन सम्पूर्ण युरोपसँग सम्बन्ध बिग्रियो । हमास र हेजबुल्लाहलाई समर्थन गर्ने, तालिम र हतियार दिने नीति अवलम्बन गरेपछि त झन् अमेरिकाले इरानमा नाकाबन्दी नै लगायो जुन अहिलेसम्म कायम छ ।

यसका कारण ४६ वर्षदेखि इरानी अर्थतन्त्र जर्जर हुँदै युवा पलायन, मुद्रास्फीति, भोकमरीको सामना गर्दै आइराखेको छ । जुन मुलुक वा कम्पनीले इरानको तेल किन्छ वा व्यापार गर्छ उसलाई समेत अमेरिकाले नाकाबन्दी लगाउने डरका कारणले पनि इरानको अर्थतन्त्रमा सुधार आउन नसकेको हो ।

आफ्नै देशमा बेरोजगारी भएपछि अरू देशको श्रमिक चाहिने त कुरै भएन । ९० को दशकमा छिमेकी युएई, कतार र साउदी अरेबियाले आर्थिक प्रगति गर्दै गए तर मध्यपूर्वकै धनी इरान पछि पर्दै गयो ।

कुनै बेला ख्याति कमाएको इरानी कार्पेट, बदाम, किसमिस, पिस्ता, अंजिरले बजार नै पाउन छोड्यो । इरानी आकाशमा प्रतिबन्ध नै लागेको जस्तो गरेर विदेशी विमान सेवा कम्पनीहरूले उडान बन्द गर्दै गए । उल्टो छिमेकी इराकसँग अनावश्यक युद्ध लड्न गएर ८ वर्षमा ३ लाख नागरिकको ज्यान गुमाउनुमा पनि आयोतोल्ला जस्ता कट्टर र संकीर्ण धर्मगुरुहरूकै हात छ भनिन्छ । सन् २०२५ सम्म आइपुग्दा इरानको कुल गार्हस्थ्य उत्पादन मध्य-पूर्वकै सबैभन्दा कम छ ।

सन् १९७९ को परिवर्तन पछि इरानको अहिलेको सत्ता सबैभन्दा कमजोर र निरीह बन्न पुगेको प्रस्ट छ । एकातिर इजरायल र अमेरिकाबाट भइराखेको मिसाइल आक्रमण र अर्कोतर्फ आन्तरिक रूपमा कुनै पनि बेला विस्फोट हुनसक्ने स्तरको नागरिक उकुसमुकुसले मध्यपूर्वको दृश्यपटमा विषम प्रलयको संकेत गरिराखेको छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय शान्ति, प्रगति, सह-अस्तित्व र असंलग्न परराष्ट्र नीति अवलम्बन गरेको नेपालले युद्धको अन्त्य, मध्यपूर्वमा शान्तिको कामना त गर्नै पर्छ तर ४६ वर्षअघि इरानसँगको सुमधुर सम्बन्धलाई मानसपटलमा ताजा बनाउनु हितकर नै हुन्छ ।

*(साभार: अनलाइनखबर)*

# नेपालको बेवास्ता, भारतको प्राथमिकतामा कालापानी

✍ पुलेन्द्र बहादुर कार्की

सन् १८१६ मा नेपाल र इष्ट इन्डिया कम्पनीबीच सम्पन्न सुघौली सन्धिको धारा ५ मा नेपालको पश्चिमी सिमाना महाकाली नदी निर्धारण गरिएको छ । ब्रिटिस सर्वेअर अफ इन्डियाले सन् १८२७ मा जारी गरेको गढवाल-कुमाउँ नाम दिई जारी गरिएको नक्सामा स्पष्ट रूपमा लिम्पियाधुरा बाट निस्केको नदीलाई महाकाली नदी भनिएको मात्र छैन, सो नदीपूर्वको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालको सिमानाभित्र देखाइएको छ ।

त्यसैगरी सन् १८५६ मा भारतको सर्वेक्षण विभागले नै प्रकाशित गरेको नक्सामा शीर्षक नै "नेपाल एन्ड कन्ट्रीज एड्जोइनिङ टु द साउथ, वेस्ट एन्ड ईस्ट कम्पाइल्ड इन द अफिस अफ सर्भेयर जनरल अफ इन्डिया" लेखिएको नक्सामा समेत लिम्पियाधुरा बाट निस्केको नदीलाई नै सिमानदी भनेर उल्लेखित छ । सन् १८१६ मा इष्ट इन्डिया कम्पनी सरकार र नेपालबीच भएको सुघौली सन्धिपछि आधिकारिक पत्रमा पनि कालीपूर्वको लिम्पियाधुरा ओगट्ने सम्पूर्ण भूभाग व्यास प्रगन्ना (हालको व्यास गाउँपालिकामा पर्ने) क्षेत्र नेपालको भएकाले तिरो तिरान नेपाल सरकारलाई नै तिर्नु भनी इष्ट इन्डियाका तत्कालीन कार्यवाहक मुख्य सचिव जे. आदमले काठमाडौंस्थित उसका रेजिडेन्टलाई पत्र लेखेको उल्लेख छ ।

अन्तरदेशीय सिमा देखि पूर्व नेपालमा पर्ने व्याँस प्रगन्नाका गाउँहरू कुटी, गुन्जी, नाभी, छाङरु, तिंकरमध्ये कुटी, गुन्जी, नाभी अतिक्रमित क्षेत्रमा पर्दछन् । नेपालको मालपोत कार्यालयमा रहेका दस्तावेज र प्रमाणहरूले कुटी, गुन्जी र नाभीमा वसोवास गर्ने नागरिकहरूले नेपालमा पोता बुझाएको प्रमाणिकता पुष्टि नै छ । साथै २०१८ को जनगणनामा त उक्त गाउँहरूको गणना लिइएको तथ्य समेत सो गणनामा सहभागी वरिष्ठ पत्रकार भैरव रिसालले बेलाबेलामा सार्वजनिक गर्नुभएको छ । भारत स्वतन्त्र भएपछि भने भारतले बनाउँदै गरेको नक्साहरूमा लिपुलेकदेखि पश्चिमको पूरै भूभाग अर्थात् लगभग ३७४ वर्ग किलोमिटर भूभाग आफ्नै नक्सामा गाभ्ने क्रममा भारतले पछिल्लो समयमा नयाँ राजनीतिक नक्सा लिपुलेकको तुरतरेपानीलाई कालीनदी भन्दै ३ नोभेम्बर २०१९ मा जारी गरेको मात्र नभई सो क्षेत्रको लिपुलेकसम्म टू लेन सडक पनि निर्माण गरिसकेको छ ।

**नेपालले प्रतिक्रिया:**

भारतले पछिल्लो समय नक्सा जारी गरेपछि नेपालले पहिलो पटक २०७७ जेठ ७ गते (२०-२१ मे २०२०) मन्त्रिपरिषद्ले निर्णय गरी लिपुलेक, लिम्पियाधुरा र कालापानी समावेश गरेर नयाँ राजनीतिक नक्सा जारी गरेको थियो, जसलाई प्रचलित भाषामा "चुच्चे नक्सा" को नामबाट चिन्ने गरिन्छ ।सो विवादित क्षेत्रको विवाद किनारा भने भएको छैन, बरु भारतले सो क्षेत्रलाई झन् कसिलो ढंगले आफ्नो अधीनस्त बनाएको छ ।

**नेपाली शासकहरूको वेवास्ता:**

सुगौली सन्धि हुँदा राजा गिर्वाण युद्ध १६ वर्षका नाबालक थिए, राजकीय निर्णय लिने सर्वोशक्तिप्रधान मन्त्री भीमसेन थापा माथि थियो । दरवारभित्र निरन्तर रही आएको सत्ता र शक्तिको घृणीत संघर्ष सन्धीपश्चात् झन् विस्तारित हुँदै गयो । सुरेन्द्रलाई राजा बनाउने कि रणेन्द्र विक्रमलाई भन्ने छिनाझम्टीमा देशलाई होमेर, राजेन्द्र विक्रम पंगु र निर्णयविहीनताको सिकार बनाउने कोत पर्व मच्चियो । यो अवधिमा देशको सिमाना र संरक्षण हुने र झन् पश्चिम व्याँस परगन्नाको वास्ता शासकहरूले गर्ने अवस्था नै देखिँदैन । जंग बहादुरले लखनउ विद्रोहमा अंग्रेजहरूलाई सघाए वापत बाँके, बर्दिया, कैलाली, कंचनपुर फिर्ता गराई ऐतिहासिक उपलब्धि गरे तर राणा कालको सम्पूर्ण अवधि अंग्रेज रिझाएर सत्तामा टिक्ने नीतिद्वारा नै निर्देशित रहृयो ।

सन् १९४७ अगस्त १५ मा भारतले अंग्रेजबाट स्वतन्त्रता पायो, सन् १९४९ अक्टोबर १ मा चीन जनवादी गणतन्त्र भयो, नयाँ देश पाकिस्तानको उदय भयो, चीनले तिब्बतमाथि आधिपत्य जमायो, नेपालमा पनि घोषित-अघोषित रूपमा राणा विरोधी वातावरण बन्दै गयो । आफ्नो संरक्षक अंग्रेजको उपनिवेशको अन्त्यलगायत प्रतिकूलताबाट जोगिन प्रम मोहन शमशेरले जवाहरलाल नेहरूको शरणमा पर्दै सन् १९५० मा नेपालको परराष्ट्र नीति र सुरक्षामा भारतीय निर्भरता बढाउने सन्धी गरे । त्यही सन्धी टेक्दै भारतले सन् १९५२ देखि, नेपालको चीनसँग सिमा जोडिएका तिंकर पासलगायतका १८ वटा हिमाली पोइन्टहरूमा भारतीय चेकपोष्टहरू स्थापना गर्‍यो । जुन चेकपोष्टहरू मध्ये वि.सं. २०२६ साल भाद्र १२-१५ मा दिल्लीमा भएको सम्झौताबाट १७ वटा पोष्टहरू हटाइए भने कालापानी पोष्टलाई यथावत् नै राखियो ।

सन् १९६२ मा भएको चीन-भारत युद्धमा भारतले उल्लेखित कालापानीको चेकपोष्टमा सैनिक क्याम्प खडा मात्र गरेन, सो भूगोलमाथि औपचारिक कब्जा समेत जमायो । सन् १९६५ मा राजा महेन्द्र र भारतबीच सैन्य सामग्रीमा भारतको अग्राधिकार, नेपालको हातहतियार भारतले आपूर्ति गर्ने, कालापानीमा भारतीय सेना राख्ने जस्ता घातक बुँदासहित गोप्य सैन्य सम्झौता भयो । पञ्चायती व्यवस्थालाई जोगाउन गरिएको यही सम्झौताका कारण पञ्चायत अवधिभरी कालापानी सिमाको वारेमा राजा लगायत पञ्चहरूको मुख वन्द मात्र भएन, दार्चुलाबाट राष्ट्रिय पञ्चायत सदस्य रहेका वहादुर सिंह ऐतवालले सिमाको कालापानीको कुरा उठाउँदा उनलाई पञ्चायत विरोधीको विल्ली भिराउने प्रयास समेत गरियो । वि.सं. २०२६ सालको भारतीय नाकाबन्दीकै सेरोफेरोमा, दार्चुला खलंगा देखि तिंकरसम्मको घोरेटो बाटो निर्माण गरी छाङरु, तिंकरका वासिन्दाहरूको कुन्चा, आवतजावत र चीनसम्मको व्यापार पहुँचमा सहजता ल्याउने काम भने पञ्चायतले गरेको असल काम मान्न सकिन्छ ।

**वहुदलीय प्रणालीपछि:**

वहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् कालापानी, सुस्ता लगायत सिमा विवादका विषयहरू आमरूपमा वहसमा आए, चुनावी मुद्दा र दलहरूका घोषणापत्रमा कालापानी समावेश त भयो तर सङ्कटकालको वहानामा पञ्चायत देखिका सुरक्षा चौकी, सिमा कार्यालयहरू विस्थापित मात्र भएनन्, सत्ताबाहिर हुँदा कालापानीको मन्त्र जप्ने तर सत्तामा पुग्दा लत्रक्क पर्ने प्रवृत्ति सबै दलहरूको साझा प्रवृत्तिको रूपमा देखियो । आजको मितिसम्म व्याँस गाउँपालिकाको वडा नं. १ मा पर्ने छाङरु, तिंकर (कालापानीबाट १० कि.मी.) पुग्न नेपाल भएर जाने बाटो नहुदा, छाङरु, तिंकरवासीहरू र चीन व्यापार गर्ने नेपाली व्यापारीहरूले भारत सरकारको अनुमतिपत्र लिएर भारतको बाटो आवतजावतको बाध्यता कायम छ, जुन लज्जास्पद छ ।

वि.सं. २०६५ सालमा, दार्चुला खलंगा देखि तिंकर (११९ कि.मी.) जोड्ने सडक निर्माण गर्न दार्चुला-तिंकर सडक आयोजना स्थापना गरी निर्माण कार्य सुरु गरियो । सुरुका वर्षहरूमा सरकारले बजेट प्रसस्त विनियोजन गर्ने तर सेनाले समयमा विष्फोटक पदार्थ उपलब्ध नगराउँदा कार्य प्रगति नहुने अवस्था रहिआयो । आ.व. २०७३/०७४ मा यो आयोजनालाई ओझेलमा पार्ने गरी महाकाली करिडोर वर मदेव (कञ्चनपुर)-खलंगा (दार्चुला) सडकमा गाभ्ने निर्णय गरियो । वि.सं. २०७७ सालमा मन्त्री परिषद्ले महाकाली करिडोरको कोठेधार-तिंकर खण्ड (७५ किमी) को निर्माण जिम्मा नेपाली सेनालाई दिने निर्णय गर्‍यो, तर महाकाली करिडोरकै बजेट शीर्षकबाट सेनालाई अत्यन्त न्युन बजेट विनियोजन गर्दा नेपाली सेनाले हालसम्म जम्मा ७५ किमी मध्ये १३ किमी मात्र ट्र्याक खोल्न सकेको छ ।

यसै गतिमा यो सडकको प्रगति कायम रहने हो भने आगामी ५० वर्षमा मात्र सडक तिंकरसम्म पुग्ने देखिन्छ । चालू आ.व. ०८१/०८२ मा दार्चुलाबाट प्रतिनिधित्व गर्ने माननीय दिलेन्द्र बडू लगायतको जोडबलमा एक्साभेटरलगायत निर्माण सामग्रीहरू हेली लिफ्ट गरेर छाङरु लिफ्ट गरी उत्तर र दक्षिण दुबै तिरबाट काम सुरु गरियो, सबै तिर प्रगतिको आसा जाग्यो तर आगामी आ.व. को बजेटमा सो सडक निर्माण शीर्षकमाअनुरुप मात्र १ करोड मात्रै विनियोजन गरेर, नेपाल सरकारले सो सडक निर्माण नगर्ने, भारतीय निर्भरतालाई निरन्तरता दिने स्पष्ट सन्देश दियो । सबै घटनाक्रम हेर्दा, चुच्चे नक्साको लोगो लगाउने, कालापानीको नारालगाएर जनतामाझ राष्ट्रवादको भ्रम छर्ने तर सो क्षेत्रलाई बेवास्ता गरी अतिक्रमणको अनुकूल वातावरण सृजना गरि दिने नियतवशको बेवास्ता त होईन? भन्ने प्रश्न सबैको मनमा उठ्ने अवस्था आएको छ, जुन दु:खद छ ।

**भारतको प्राथमिकता:**

भारतले नेपालको भूमि लिपुलेकसम्म टुलेन पक्की बाटो मात्रै पुर्‍याएको छैन, व्याँस घाटी क्षेत्रका गाउँहरूमा ख्यदचबलत र्खर्षीबनभ एचयवभअत मार्फत, होमस्टे, घर निर्माण, महिला, युवा लक्षित कार्यक्रम, छात्रवृत्ति, नि:शुल्क उपचार, हेली लिफ्ट, सुपथ मूल्यमा खाद्यान्न जस्ता कार्यक्रमहरू चलाइरहेको छ । गत वर्ष प्रधानमन्त्री मोदी स्वयंले सो क्षेत्रको भ्रमण गरी, पर्यटकीय गुरु योजना बनाउन मुख्यमन्त्री पुष्कर धामीलाई निर्देशन गरेका थिए । जोलिङकाङलाई आदिकैलाश नामाकरण गरी पूर्वाधार बनाइएको छ । सो क्षेत्रमा प्रतिदिन हजारौं पर्यटकहरू आवतजावत गरिरहेका छन् । होमस्टेबाट मात्रै त्यहाँका वासिन्दाहरूले मनग्गे आम्दानी गरिरहेका छन् । पटक-पटक सो क्षेत्रमा जाने गरेका मुख्यमन्त्री पुष्कर धामीले सो क्षेत्रलाई अन्तर्राष्ट्रिय पर्यटन गन्तव्य बनाउने घोषणा गरेका छन् । धारचुला देखि उत्तरको सिमानामा प्रत्येक ३-५ कि.मी. मा सेना राखिएका छन् । यसरी भारतले सो क्षेत्रलाई रणनैतिक, आर्थिक र सामाजिक तीनै तवरले उच्चतम प्राथमिकतामा राखेको प्रष्ट देखिन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# भीमफेदी गाउँपालिकाको बजेट ९० करोड

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ भीमफेदी गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको छ । पालिका अध्यक्ष हिदम लामाको अध्यक्षतामा भएको गाउँसभामा उपाध्यक्ष संजीव श्रेष्ठले नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेका हुन् ।



चालु आर्थिक वर्षमा ८५ करोड ४५ लाख ८७ हजार ९ सय ९८ रुपैयाँ २० पैसाको बजेट प्रस्तुत गरेको गाउँपालिकाले यसपटक ९० करोड ६ लाखको बजेट ल्याएको छ । नीति तथा कार्यक्रमले समग्र भीमफेदी गाउँपालिकालाई विकसित बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने अध्यक्ष लामाले बताए । भीमफेदीका प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने, ऐतिहासिक भीमफेदी सहरलाई पुर्नजागृत गरी सास्कृतिक सहरको रुपमा विकास गर्ने, निजीक्षेत्रबाट केबलकार निर्माण गरी पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्न अवाश्यक सहजीकरण गर्ने योजना पालिकाको छ ।

नीति तथा कार्यक्रम अनुसार, आगामी आर्थिक वर्षमा गाउँपालिकाले पालिका क्षेत्रभित्र उत्पादन हुने हरियो तरकारी रायोको साग, मुला, बन्दा, काउलीको उचित बजारमूल्य पाउने गरी प्रदेश सरकारको सहयोगमा कृषिउपज प्रशोधन केन्द्र स्थापना गर्ने तयारी गरेको छ । पालिकाभित्र दर्ता हुने व्यवासयिक प्रतिष्ठानलाई निशुल्क दर्ता गर्ने व्यवस्था गरिएको छ भने लगानीमैत्री वातावरण बनाउन नीतिगत र कानूनी व्यवस्था गर्ने लक्ष्य पालिकाको छ । अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाकोषमा आवद्ध गराएर चर्चामा रहेको भीमफेदी गाउँपालिकाले आगामी आर्थिक वर्षमा पनि यो कार्यक्रमलाई निरन्तरता दिने भएको छ ।

यसमा पालिका स्वास्थ्य महिला स्वयम्सेविकालाई पनि आवद्ध गराउने नीति लिइएको अध्यक्ष लामाले बताए । यसअघि अनौपचारिक क्षेत्रका श्रमिकका निम्ति सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यक्रममा अध्यक्ष लामाले आगामी आर्थिक वर्षबाट महिला स्वयमसेविकालाई पनि सहभागी गराउने घोषणा गरेका थिए, सोही घोषणालाई कार्यान्वयन गर्न लागिएको हो । शिक्षाको माध्यमबाट सभ्य, खुसी, सुखी, शान्त, सुसस्कृत, शिक्षित, समृद्ध र समतामूलक समाज निर्माण गर्ने लक्ष्य भीमफेदीले राखेको उपाध्यक्ष श्रेष्ठले बताए ।

त्यसका लागि नीति तथा कार्यक्रममा महत्वपूर्ण व्यवस्था गरिएको उनको भनाइ छ । घरेलु उत्पादनमा आधारित दिवाखाजा ढाँचा अपनाउने योजना पालिकाको छ । प्राविधिक तथा उत्पादनमूलक शिक्षा, समृद्ध भीमफेदीको इच्छा नारालाई मूर्त रुपदिन प्राविधिक र माटो सुहाउँदो शिक्षालाई निरन्तरता दिइने भएको छ । आगामी आर्थिक वर्षबाट तामाङ भाषामा अध्ययन अध्यापनको व्यवस्था मिलाउने गरी नीति सार्वजनिक गरिएको छ । शुक्रबारलाई किताबरहीत दिनको रुपमा लागू गर्ने तयारी गाउँपालिकाको छ ।

पालिकाले विपन्न नागरिक उपचार सहायता आकस्मिक कोषको स्थापना गर्ने भएको छ । पालिकाले खानेपानी, सस्कृति प्रवर्द्धन र सम्पदाको संरक्षण, लैगिंकसमानता तथा समाजिक समावेशीकरणलगायत क्षेत्रमा सबल योजना ल्याइएको प्रमुख प्रशासकीय अधिकृत जीवन कुंवरले बताए । पालिकाभित्र निकै समस्याको रुपमा रहेको विपद् व्यवस्थापनतर्फ पनि पालिकाले विभिन्न काम गर्ने भएको छ । पालिकाको वनक्षेत्रको संरक्षण, विकास र बहुउपयोग गर्ने नीति लिइएको गाउँपालिकाले जनाएको छ ।

# विपद्मा सञ्चारकर्मीले संवेदनशीलतालाई ध्यान दिनुपर्छः मन्त्री लामिछाने



साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले विपद्का समयमा संवेदनशीलतालाई ध्यानमा राखेर तथ्यमा आधारित सूचना सम्प्रेषण गर्न सञ्चारकर्मीलाई आग्रह गरेका छन् ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयको आयोजनामा मंगलबार भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सवालमा सञ्चारकर्मीसँग कार्यशालामा बोल्दै मन्त्री लामिछानेले विपद्का समयमा सञ्चारमाध्यमको भूमिका प्रभावकारी हुने बताएका छन् । घटनाको समाचार बनाउने मात्र नभई पीडामा परेकाहरुलाई सहानुभूति दिने र जनसमुदायलाई सुसूचित गराउने कार्यमा पनि ध्यान दिनुपर्नेमा उनले जोड दिए ।

मन्त्री लामिछानेले बागमती प्रदेशमा मात्रै मनसुनजन्य प्रकोपका कारण चालू आर्थिक वर्षमा २ सय ६६ जनाले ज्यान गुमाएको जानकारी दिए । प्रदेशको नीति तथा योजना आयोगले गरेको अध्ययन अनुसार बागमती प्रदेशमा १० अर्ब भन्दा बढीको भौतिक संरचनामा क्षति भएको उनले बताए । मन्त्री लामिछानेले विपद् हेर्ने फोकल मन्त्रालय आन्तरिक मामिला भए पनि अर्थ मन्त्रालयबाट पर्याप्त बजेट नछुट्याइएकोमा असन्तुष्टि जनाए । आगामी आर्थिक वर्षको बजेटमा विपद् राहत कोषमा एक अर्ब विनियोजन गर्न आग्रह गरे पनि १० करोड मात्रै विनियोजन भएको उनले बताए ।

मन्त्री लामिछानेले प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र विपद् प्रदेश व्यवस्थापन परिषद्को बैठकले पूर्व तयारीका लागि प्रतिकार्य योजना र मनसुनजन्य विपद् प्रतिकार्ययोजना २०८२ अद्यावधिक गरी स्वीकृत गर्ने तयारी गरिएको जानकारी दिएका छन् । विपद् सम्भावित स्थानमा आवश्यक कार्यका लागि रकम पठाउने, गोदामघरमा उद्दार सामग्री पठाउने लगायत कार्य भइरहेको उनले बताए ।

मन्त्रालयका सचिव कृष्णबहादुर साहीको अध्यक्षतामा भएको कार्यशालामा मनसुन तयारी तथा प्रतिकार्यमाम प्रदेश सरकारको पूर्वतयारी र अवस्था, पूर्वानुमानमा आधारित पूर्वकार्य र विपद् संवेदनशील सामाजिक सुरक्षा सम्बन्धी अवधारणा र यसको महत्व, विपद् सूचना सम्प्रेषणमा सञ्चार जगतको भूमिका र योगदान लगायत विषयमा प्रस्तूतीकरण दिइएको थियो ।

# स्थापना दिवसमा विद्यालयलाई विविध सामग्री

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ औषधि व्यवसायी संघ मकवानपुरले स्थापना दिवसका अवसरमा हेटौंडा-११ स्थित शंकरज्योति माविलाई विविध सामग्री हस्तान्तरण गरेको छ ।

कार्यक्रम संघ अध्यक्ष नारायणलाल श्रेष्ठले केक काटेर उद्घाटन गरेका थिए । कार्यक्रममा विद्यालयलाई शैक्षिक सामग्री, डिजिटल घडी, प्राथमिक उपचार बाकसलगायत सामग्री विद्यालयका प्रअ महेशकुमार रिजाललाई हस्तान्तरण गरिएको हो । औषधि व्यवसायी संघ केन्द्रीय सदस्य कपिला जोशीले विपन्न तथा जेहेन्दार विद्यार्थीलाई नगद ५ हजार ५ सय सहयोग गर्ने प्रतिवद्धता जनाएकी छन् । संघ जिल्ला अध्यक्ष श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रम अनिश सुबेदी र किसन न्यौपानेको संयोजकत्वमा भएको हो ।

कार्यक्रममा केन्द्रीय सदस्य जोशी, बागमती प्रदेश सदस्य संघर्ष गुरुङ, जिल्ला महासचिव भरत कार्की, सचिव यादव अर्याल, सल्लाहकार विष्णु थापा, विद्यालयका प्रअ रिजालसहित शिक्षकहरुको आतिथ्यता थियो । संघले विद्यालयलाई परेका समस्यामा हातेमालो गर्दैजाने प्रतिवद्धता जनाएको छ ।

# राक्सीराङको बजेट ६३ करोड ५२ लाख

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/राक्सिराङ गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि कुल ६३ करोड ५२ लाख ३१ हजार रुपैयाँको बजेट ल्याएको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ को तुलनामा ८ करोड ९० लाख ५८ हजार रुपैयाँ अर्थात् १६ दशमलब ३ प्रतिशतले वृद्धि गरी गाउँपालिकाले बजेट ल्याएको हो । गाउँपालिका उपाध्यक्ष बनस्तम थिङले मंगलबार बसेको गाउँ सभामा पेश गरेको बजेटमा चालु र पूँजीगत खर्चको विवरणसँगै संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक स्रोतबाट जुटाइने आम्दानी समावेश गरिएको छ । बजेट अनुसार आगामी वर्ष चालु खर्चतर्फ ४८ करोड ५३ लाख ५४ हजार रुपैयाँ र पूँजीगत खर्चतर्फ १४ करोड ९८ लाख ७७ हजार रुपैयाँ विनियोजन गरिएको छ ।

वित्तीय स्रोतको विश्लेषण गर्दा संघीय सरकारबाट ४३ करोड ८९ लाख ७८ हजार रुपैयाँ, प्रदेश सरकारबाट १० करोड ५८ लाख २२ हजार रुपैयाँ अनुदान प्राप्त हुनेछ भने गाउँपालिकाले आन्तरिक स्रोतबाट ९ करोड ४ लाख ३० हजार रुपैयाँ संकलन गर्ने लक्ष्य राखिएको छ ।

# हेटौंडामा चेतनामूलक चलचित्र 'मान्छे बोक्सी हुन्न कहिल्यै' प्रदर्शन



साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठान नेपालको आयोजनामा मंगलबार हेटौंडा उपमहानगरपालिका-११ मा बोक्सी कु-प्रथाविरुद्धको सचेतनामूलक शिक्षामुलक राष्ट्रव्यापी कार्यक्रमको आयोजना गरिएको छ ।

कार्यक्रम बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सामाजिक विकास महाशाखा हेटौंडाको सहआयोजनामा भएको हो । हेटौंडा-११ को सामुदायिक सेवा तथा सामुदायिक प्रहरी सेवाकेन्द्रको भवनमा जनचेतनामुलक चलचित्र प्रदर्शन गरिएको हो । संस्थाका कोबिदशरण उपाध्ययको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल प्रमुख आतिथ्यता, हेटौंडा-११ की वडाअध्यक्ष जुना दाहालको विशेष आतिथ्यता रहेको थियो । वि.सं. २०७१ सालमा स्थापना भएको संस्थाले जनचेतना मुलक विभिन्न कार्य गर्दै आएको छ ।

संस्थाले राष्ट्रिय महिला आयोगमा बोक्सी कुप्रथासम्बन्धी सचेतनामुलक कवितासंग्रह विमोचन गरेको थियो । संस्थाले चर्चित गायकगायिका स्वरुपराज आचार्य, सत्यराज आचार्य, प्रमोद खरेल, अञ्जु पन्तलगायतको आवाजमा 'बोक्सी हुन्नन्' बोलको जनचेतनामुलक म्युजिक भिडियो सार्वजनिक गरेको थियो । वि.सं. २०७४ मा नेपाली कथानक चलचित्र 'अग्निदहन' निर्माण गरी तात्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा प्रथमपटक शितलनिवासमा अवलोकन गरी उद्घाटन गरिएको थियो ।

यो चलचित्र विशेष चलचित्र अवार्डबाट पनि सम्मानित भएको थियो । त्यस्तै तत्कालीन राष्ट्रपति भण्डारीबाट प्रवल जनसेवाश्रीबाट विभुषित भएको थियो । यस अभियानका केन्द्रीय संयोजक दीपक पराजुलीका अनुसार यस चलचित्रलाई नेपाली, भोजपुरी, मैथिली र हिन्दीमा समेत अनुवाद गरिएको छ । यो अभियान देशका ४५ जिल्लामा पुगेको संयोजक पराजुलीले बताए ।

# बकैयाको नीति तथा कार्यक्रम सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ बकैया गाउँपालिकाको आथिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत भएको छ । मंगलबार बकैया गाउँपालिकाको गाउँसभामा उपाध्यक्ष भक्तबहादुर खत्रीले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् ।



नीति तथा कार्याक्रममा गाउँपालिकाले आधारभूत संरचना, कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र सामाजिक सुरक्षालाई प्राथमिकतामा राखेको छ । यस अन्तर्गत १५ ओटा प्रमुख अस्पताल स्तरोन्नती, ३२ स्थानमा सडक विस्तार, र एक वडा-एक उद्यमशील कार्यक्रम जस्ता महत्वपूर्ण योजना समावेश गरिएका छन् । बकैया कृषि औद्योगिक ग्राममा कोल्डस्टोर, टिएमआर उद्योग र कृषि उत्पादन प्रशोधन केन्द्र स्थापना गर्ने योजना छ । 'एक वडा-एक बाली' अन्तर्गत कफी, अलैंची र तरकारी उत्पादन प्याकेजक्षेत्र विकास, स्थानीय बीउ संरक्षण र कृषकलाई ४ करोड रुपैयाँ खेती अनुदान दिने प्रावधान गरिएको छ ।

१५ शैयाको आधारभूत अस्पताललाई प्रदेशस्तरको अस्पतालमा स्तरोन्नति गर्ने, २४ घण्टे आकस्मिक सेवा सुधार्ने र घरघरमा नि:शुल्क रक्तसंचार सेवा उपलब्ध गराउने लक्ष्य राखिएको छ । मानसिक स्वास्थ्यका लागि आत्महत्या निवारण कार्यक्रम, जेष्ठनागरिक घरदैलो सेवा र अपाङ्ग व्यक्तिका लागि करेक्टिभ सर्जरी जस्ता विशेष योजना प्रस्तावित छन् । शैक्षिक क्षेत्रमा गुणस्तर सुधारका लागि कक्षा ३ सम्म 'ग्रेड टिचिङ' पद्धति लागू गर्ने, प्रत्येक विद्यालयमा आईसीटी एकीकरण र सामुदायिक विद्यालयलाई कक्षा १२ सम्म स्तरोन्नति गर्ने योजना छ । रोजगारीमा 'नमस्ते रोजगारी' अभियान अन्तर्गत युवाका लागि सीप विकास तालिम, वैदेशिक रोजगारी सेवा केन्द्र र स्थानीय उद्यम प्रवर्द्धनलाई बढावा दिइनेछ ।

गाउँपालिकाले चम्पाखहरे, बकैया-सिमातखोला लगायत १५ स्थानमा पुल निर्माण, जुरेली खेलमैदानको आधुनिकीकरण र ५ किलोमिटर सडक विस्तार गर्ने योजना बनाएको छ । विशेषगरी बाढीप्रभाबित क्षेत्रका लागि खोलाको करिडोर नियन्त्रण, पानी आपूर्ति प्रणाली सुधार र ठूलो सुधा ड्याम निर्माणलाई प्राथमिकता दिइएको छ । प्रत्येक वडामा सीसिटिभी क्यामेरा स्थापना गरी सुरक्षा व्यवस्था अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ । बकैयाको नीति कार्यक्रमले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने प्रयास गरेको बताइएको छ । आगामी वर्षमा यसले ग्रामीण अर्थतन्त्रलाई गतिशील बनाउने आशा गरिएको छ ।

# अरू महानगरले बजेट ल्याउँदा रोकिए बालेन

काठमाडौं/स्थानीय सरकार सञ्चालन ऐन र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको प्रावधान अनुसार स्थानीय सरकारहरूले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट १० असारभित्र ल्याइसक्नुपर्छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ मा छ, 'गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगरसभामा पेस गर्नुपर्ने छ ।'

यो प्रावधान अनुसार मंगलबार देशका धेरैजसो स्थानीय सरकारले बजेट सार्वजनिक गरेका छन् । राम्रो तयारी गरेका भरतपुर महानगरपालिका सहित स्थानीय तहले बजेट सार्वजनिक गर्न १० असारकै साइत समेत कुरेनन् । भरतपुरले दुई दिन अगाडि नै बजेट सार्वजनिक गरेको हो । तर, काठमाडौं महानगरपालिका मेयर बालेन्द्र (बालेन) साह र कार्यकारी प्रमुख सरोज गुरागाईंबीचको द्वन्द्वका कारण आगामी आवको बजेट नै अन्योलमा परेको हो । मंगलबार दिनभरि काठमाडौं महानरपालिकामा नगरसभा समेत बस्न सकेन । महानरपालिकामा संघीय सरकारले सरोज गुरागाईंलाई खटाएसँगै आन्तरिक काम प्रभावित बनिरहेका छन् । बजेट सार्वजनिक हुन नसकेको विषयमा मेयर बालेन निकट स्रोतका अनुसार बालेन गुरागाईंलाई कार्यकारी प्रमुख स्वीकार्न तयार छैनन् । गुरागाईंलाई राख्न नहुने, हाकाहाकी भ्रष्टाचार गरेको विषयलाई सरकारले अनुसन्धान गर्नुपर्ने भएपछि उनलाई किन प्रमुख कार्यकारी राख्नुपर्ने भन्ने अडान बालेनको छ । विकल्पमा सबैलाई काम गर्नू भने पनि कसैले नगरेको बालेनको भनाइ छ ।

'गुरागाईंलाई बिदा बसाएर निमित्तले चलाए भइगयो नि ! त्यसपछि म बस्छु नगरसभामा । अहिलेको प्रवक्ताले पत्रकार सम्मेलन गरेर सीसीटीभी फुटेज बाहिर आएको थियो । सबैले स्वीकारेको विषय हो । यो विषयमा भ्रष्टाचार भएको हो । तर, अहिले आएर भ्रष्टाचार भएको होइन भन्न हामी को हौं ?,' बालेनको अडान उद्धृत गर्दै स्रोतले भन्यो, 'अख्तियारले छानबिन गरिरहेको छ । गुरागाईं सरुवा पनि लिँर्दनन् । निमित्तलाई दिएर बिदा बसे भने बजेट आउँछ ।'

**बालेन र हर्कले ल्याउन सकेनन् बजेट, २२ नगर पालिका पनि उस्तै**

काठमाडौं बाहेक अन्य ५ महानगरले भने आगामी आवको बजेट सार्वजनिक गरेका छन् । सार्वजनिक भएको बजेटमध्ये भरतपुर महानगरले चालु आवको तुलनामा बजेट भारी मात्रामा घटाएर यथार्थपरक बनाउने प्रसास गरेको छ ।

अन्य महानगरको बजेटको आकार बढाइएको छ । बजेट कार्यान्वयन सन्दर्भमा भने स्थानीय सरकारहरूमा समेत संघ र प्रदेशकै प्रवृत्ति देखिन्छ । समयमै बजेट नल्याउने स्थानीय तहका हकमा कार्य सम्पादन मूल्यांकनमा अंक घट्छ । त्यसरी अंक घट्नु भनेको आगामी आर्थिक वर्षको बजेटमा संघीय सरकारबाट जाने अनुदानमा प्रभाव पर्नु हो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहको कार्य सम्पादन मूल्यांकन गर्दा गाउँपालिका र नगरपालिकाले प्रत्येक वर्ष १० असारभित्र आगामी आवको बजेट सार्वजनिक गरे/नगरेको विषयलाई ५ अंकभार दिइन्छ ।

बजेट असार मसान्तभित्र पारित गरे/नगरेको विषयलाई ५ अंकभार तय गरिन्छ । १० असारमा बजेट ल्याउन असफल भएसँगै बालेन सरकार कम्तीमा ५ अंकभारमा पछाडि पर्ने छ । यसले आगामी आवको वित्तीय समानीकरण अनुदान थोरै भए पनि कटौती हुन्छ ।

चालु आव २०८१/८२ मा काठमाडौंले २५ अर्ब ७० करोड रुपैयाँ बराबर बजेट कार्यान्वयन गरि रहेको छ । काठमाडौं मुलुककै ठूलो बजेट कार्यान्वयन गर्ने महानगर हो । तर, नीति तथा कार्यक्रम र बजेट नै सार्वजनिक नहुँदा यसपालि काठमाडौंले सुशासनतर्फको आफ्नो छविमा प्रश्नचिह्न उठ्ने वातावरण आफैं बनाएको छ ।

**बढेर आयो विराटनगरको बजेट**

विराटनगर महानगर पालिकाले आगामी आव २०८२/८३ का लागि ४ अर्ब ४० लाख रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । उपप्रमुख शिल्पा निराला कार्कीले बजेट प्रस्तुत गरेकी हुन् । चालु आव ३ अर्ब ५० करोड ३० लाख रुपैयाँको बजेट कार्यान्वयन गरि रहेको वीरगञ्जले आगामी आवमा बजेटको आकार भने बढाएको छ ।

खर्च बेहोर्ने स्रोतमध्ये यस प्रदेशले आन्तरिक राजस्वबाट १ अर्ब ४० करोड आम्दानी गर्ने लक्ष्य राखेको छ । यस प्रदेशले पूर्वाधार, सामाजिक विकास, शिक्षासहित क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याएको जनाएको छ ।

**वीरगञ्जको बजेट सवा ३ अर्ब**

वीरगञ्ज महानगरले आगामी आवका लागि ३ अर्ब २२ करोड ४८ लाख ४९ हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । चालु आव २ अर्ब ८९ करोड ४८ लाख १७ हजारको बजेट कार्यान्वयन गरिरहेको वीरगञ्जले आगामी आवका लागि बजेट बढाएर सार्वजनिक गरेको हो ।

उपमेयर इस्तियाज आलमले सार्वजनिक गरेको बजेटमा चालु खर्च २ अर्ब २६ करोड र पूँजीगत बजेट ९२ करोड ३४ लाख छ । आगामी आवमा वीरगञ्जले आन्तरिक राजस्वबाट मात्र १ अर्ब १५ करोड उठाउने लक्ष्य छ । आगामी आवमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, सरसफाइ र वातावरण संरक्षण प्राथमिकतामा राखिएको छ ।

**सामान्य बढ्यो ललितपुरको बजेट**

ललितपुर महानगरपालिकाले आगामी आवका लागि ७ अर्ब ४७ करोड ४१ लाख ४७ हजार बराबरको बजेट सार्वजनिक गरेको छ । यसमध्ये चालु खर्च २ अर्ब ९६ करोड ६४ लाख र पूँजीगत खर्च ४ अर्ब ५० करोड ७७ लाख हुने अनुमान गरिएको छ । उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले बजेट सार्वजनिक गरेकी हुन् । चालु आव ललितपुरले ७ अर्ब ४६ करोड ८३ लाखबो बजेट कार्यान्वयन गरिरहेको छ ।

*(स्रोत: अनलाइनखर)*

# कृषाको 'जहाजैमा'मा भित्रिए केदार

काठमाडौं/कुनै बेला दीपक-दीपा समूहको फिल्ममा मात्रै सीमित भएका कलाकार केदार घिमिरे 'माग्ने बुढा'ले 'छक्का पन्जा ५'पछि स्वतन्त्र भएर काम गर्न अनुमति पाएपछि श्रृंखलाबद्ध रुपमा फिल्म सम्झौता गरिरहेका छन् । उनले एक वर्षमा तीन फिल्म 'जेरी अन टप', 'माग्ने राजा' र 'माइतीघर'को छायांकन भ्याइसकेका छन् । यसैबीच, उनी नयाँ फिल्म 'जहाजैमा'मा अनुबन्धित भएका छन् ।



मंगलबार फिल्मका निर्माता उज्ज्वल गुरागाईँ र केदारबीच लिखित सम्झौता भएको हो । 'पिताम्बर'की निर्देशक कृषा चौलागाईंको निर्देशनमा बन्न लागेको यो फिल्ममा केदारको मुख्य भूमिका रहने जनाइएको छ । 'माग्ने राजा'मा ६१ लाख लिएर सर्वाधिक महँगा कलाकार बनेका उनले 'जहाजैमा'मा कति पारिश्रमिक लिएका छन् भन्ने चाहिँ खुलाइएको छैन ।

फिल्ममा यसअघि फिलिपिनी मुलकी जापानी अभिनेत्री रजेल इचिमिया अनुबन्धित भइसकेकी छन् । 'बी माई गेस्ट, बी माई बेबी' जस्ता जापानी फिल्ममा अभिनय गरिसकेकी उनले 'जहाजैमा'बाट नेपाली फिल्ममा डेब्यु गर्न लागेकी हुन् । केदार र रजेलबाहेक फिल्ममा अरु कलाकार निश्चित भएका छैनन् । आगामी भदौ अन्तिमबाट फिल्मको छायांकन सुरु गरिँदैछ ।

यूएनए प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको फिल्मले नेपाल-जापानको सम्बन्ध, प्रेम, सपना र संघर्षको कथा भन्नेछ । सन् २०२६ मा रिलिज लक्ष्य राखिएको फिल्मको छायांकन नेपाल, जापान र फिलिपिन्समा हुने जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कैलाशको ५३ करोड ८६ लाख रुपैयाँको बजेट सार्वजनिक




साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मकवानपुरको कैलाश गाउँपालिकाले १६ औं गाउँसभाको अधिवेसनले नीति तथा कार्यक्रम ल्याएसँगै ५३ करोड ८६ लाखको बजेट प्रस्तुत गरेको छ ।

गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको सभाध्यक्षतामा मंगलबार भएको गाउँसभाले गाउँपालिकाको मुख्य नारालाई आत्मसात् गर्दै नीति तथा कार्यक्रम ल्याइएको छ । अध्यक्ष मुक्तानले पुँजी, प्रविधि, सीप र अनुभवलाई स्थानीयस्तरमा उपयोग गर्ने उद्देश्यले युवालाई लक्षित कृषिकार्यमा उत्प्रेरित गराइने बताए । एक घर एक धारा नीतिलाई प्राथमिकता दिनुका साथै एक घर एक शौचालय निर्माण गरिने उनले बताए । अध्यक्ष मुक्तानले कृषिउपज उत्पादन र बजारीकरणका लागि मासिकरुपमा हाटबजार सञ्चालन गरिने बताए ।

कृषक परिचयपत्र वितरण र पशुबीमामा अनुदानलाई प्राथमिकतामा राखिने उनले बताए । उनले चेली प्रोत्साहन कार्यक्रम, अध्यक्षसँग विपन्न कार्यक्रम, उपाध्यक्षसँग जनश्रमदान कार्यक्रम, अध्यक्षसँग किशोरकिशोरी अन्तरक्रिया कार्यक्रम, जेष्ठनागरिकसँग जनप्रतिनिधि कार्यक्रमलाई थप सुदृढ गरी निरन्तरता दिइने बताए । दीर्घरोगी नागरि कलक्षित गरी कैलाश बन्दैछ, बाआमालाई सञ्चै छ भन्ने मुलभाव राख्दै स्वास्थ्यशिविर गरिनेछ । त्यस्तै पूर्णखोप सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिइने बताउँदै गर्भवती तथा सुत्केरी पोषण प्रवर्द्धन तथा रक्षाकार्यक्रम गरिने नीति कार्यक्रममा समावेश गरिएको छ ।

यसैगरी गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले ५३ करोड ८६ लाख २० हजारको बजेट प्रस्तुत गरेका छन् । उनले आव २०८२/८३ मा आय २ करोड ३७ लाख १ हजार ८३० रुपैयाँ आन्तिरिक राजश्वको रुपमा, संघीय सरकारको वित्तीय समानीकरण अनुदान ९ करोड ८३ लाख, सर्शत अनुदान १९ करोड ३४ लाख, राजश्व बाँडफाँड ९ करोड ६७ लाख, विशेष अनुदान ७५ लाख, समपूरक अनुदान २ करोड ५८ लाख तथा प्रदेश सरकार वित्तीय समानीकरण अनुदान ९० लाख ५२ हजार, सर्शत अनुदान १३ करोड ४४ लाख ४ हजार विशेष अनुदान ६५ लाख समपूरक अनुदान २ करोड ६६ लाख र राजश्व बाँडफाँड सवारीसाधन कर ३ करोड ७६ लाख २२ हजार गरी ५३ करोड ८६ लाख २० हजार आय हुने प्रक्षेपण गरेको उपाध्यक्ष मल्लले बताए ।

उपाध्यक्ष मल्लले विनियोजन विद्येयक २०८२ प्रस्तुत गर्दै चालुखर्चतर्फ ३२ करोड ८२ लाख ३ हजार एक सय र पुँजीगत खर्चतर्फ २१ करोड ४ लाख १७ हजार रुपैयाँ रहने बताए । आर्थिक विकासमा चालुतर्फ १ करोड २५ लाख ९७ हजार रहेको छ भने पूँजीगतखर्चमा एक करोड ५१ लख ६७ हजार रहेको छ । त्यस्तै, सामाजिक विकासमा चालुतर्फ २१ करोड १६ लाख १४ हजार र पूँजीगततर्फ २ करोड ३३ लाख ५० हजार रहेको छ । यसैगरी पूर्वाधार विकासमा पूँजीगततर्फ खर्च १६ करोड ४४ लाख रहेको छ भने सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा चालुतर्फ ७० लाख ९२ हजार एक सय र पूँजीगततर्फ २२ लाख रहेको छ ।

त्यस्तै, वातावरण तथा विपद्मा पूँजीगतखर्चमा ४३ लाख रहेको उपाध्यक्ष मल्लले बताए । गाउँपालिका प्रशासनिक खर्चमा चालुतर्फ ३२ करोड ८२ लाख ३ हजार एक सय र पूँजीगतखर्चमा १० करोड रहेको छ । सभामा उपाध्यक्ष मल्लले आर्थिक विद्येयक २०८२ प्रस्तुत गरेका थिए भने लेखा समितिको प्रतिवेदन संयोजक सूर्यबहादुर ब्लोनले प्रस्तुत गरेका थिए । सभाकै अवसरमा चेली प्रोत्साहन कार्यक्रमअन्तरगत ७ जना चेलीलाई नगदसहित सम्मान गरिएको थियो ।

सम्मानित हुनेमा कमला श्रेष्ठ, सानुमाया स्याङ्तान, पार्वती सुवेदी, राधिका तितुङ, सविना मुक्तान, एलिना मुक्तान, शर्मिला मुक्तान रहेका छन् । उनीहरुलाई २० हजार नगदसहित सम्मान गरिएको हो । सभामा प्रस्तुत गरिएको नीति तथा कार्यक्रम र बजेट सर्वसम्मत पारित गरिएको थियो ।

# मकवानपुरगढीको ७४ करोडको बजेट सार्वजनिक




साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मकवानपुरगढी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि ७४ करोड ५ लाख ८४ हजार रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ ।

मंगलबार गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको सभाअध्यक्षतामा बसेको गाउँसभामा उपाध्यक्ष मानकुमारी नेपाली पाख्रिनले बजेट प्रस्तुत गरेकी हुन् । प्रस्तुत बजेटले पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रलाई उच्चप्राथमिकतामा राखेको छ भने बजेटको मुख्यस्रोतकारुपमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक राजस्वलाई आधार मानिएको छ । गाउँपालिकाले प्रस्तुत गरेको कूल ७४ करोड ५ लाख ८४ हजार रुपैयाँको बजेटमा चालुतर्फ ४१ करोड ७० लाख ६६ हजार (५६.३१ प्रतिशत) र पुँजीगततर्फ ३२ करोड ३५ लाख १८ हजार (४३.६८ प्रतिशत) रकम विनियोजन गरिएको छ ।

बजेटको आयतर्फ, संघीय सरकारबाट वित्तीय समानीकरण, राजस्व बाँडफाँड, समपुरक, विशेष र सशर्त अनुदान गरी कूल ६० करोड २६ लाख ८१ हजार प्राप्त हुने अनुमान छ । त्यसैगरी, प्रदेश सरकारबाट वित्तीय समानीकरण, समपुरक, विशेष र सशर्त अनुदान शीर्षकमा ९ करोड ४० लाख ३ हजार रुपैयाँ प्राप्त हुने अपेक्षा गरिएको छ । गाउँपालिकाले आन्तरिक आयबाट १ करोड २५ लाख र गत वर्षको मौज्दातबाट ३ करोड ५० लाख रुपैयाँ संकलन गरी कूल ४ करोड ७५ लाख व्यवस्थापन गर्ने लक्ष्य राखेको छ ।

गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि सामाजिक विकास क्षेत्रलाई सबैभन्दा बढी प्राथमिकता दिएको छ । यसक्षेत्रका लागि कूल बजेटको ५२.२२ प्रतिशत अर्थात् ३८ करोड ६६ लाख ४९ हजार रुपैयाँ विनियोजन गरिएको छ । यसमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृतिक प्रवर्द्धन, खेलकुद, लैंगिक समानता तथा समाजिक समावेशीकरण( महिला, युवा, दलित जेष्ठनागरिक, बालबालिका, जनजाति, अपाङ्गता) सामाजिक कार्यक्रम समेटिनेछन् । पूर्वाधार विकास क्षेत्रलाई दोस्रो प्राथमिकतामा राखिएको छ ।

स्थानीय सडक, पुल, सिँचाइ, भवन निर्माण तथा बस्ती विकास लगायत पूर्वाधार निर्माणका लागि कूल बजेटको २५.१२ प्रतिशत अर्थात् १८ करोड ६० लाख रुपैयाँ छुट्याइएको छ । आर्थिक विकासक्षेत्र (कृषि, पशु, पर्यटन) का लागि ५ करोड ४५ लाख, संस्थागत विकास, सेवाप्रवाह र सुशासनका लागि ९ करोड ३ लाख तथा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चका लागि ९ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ । वन, वातावरण तथा विपद् व्यवस्थापनमा ८१ लाख ३५ हजार अर्थात १.०९ प्रतिशत बजेट विनियोजन गरिएको छ । गाउँसभामा बजेट प्रस्तुत गर्दै उपाध्यक्ष पाख्रिनले 'मकवानपुरगढी गाउँपालिकाको समृद्धिको आधार: शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार' भन्ने मूलनारालाई साकार पार्न बजेट केन्द्रित रहेको बताइन् ।

सभालाई सम्बोधन गर्दै अध्यक्ष स्याङ्तानले जनताले दिएको विश्वासलाई साकार पार्न र पालिकाको चौतर्फी विकासका लागि प्रस्तुत नीति तथा कार्यक्रम र बजेट प्रभावकारी हुने विश्वास व्यक्त गरे । उनले बजेटको सफल कार्यान्वयनका लागि सबैको सहयोग आवश्यक रहने बताए । विनियोजन सम्वन्धी प्रस्तावनलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८२ पूर्वाधार विकास समितिको संयोजक वडा नं. २ का वडाध्यक्ष वखानसिं पाख्रिनले प्रस्तुत गरेका थिए भने अर्थसम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न वनेको विधेयक २०८२ आर्थिक विकास समितिको संयोजक एवम् वडा नं.६ का वडाध्यक्ष कृष्णप्रसाद वजागाईले प्रस्तुत गरेका थिए ।

# त्रिभुवन राजपथ शुक्रबार र शनिबार दिउँसो ४ घण्टा बन्द हुने

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मुलुककै सबैभन्दा जेठो सडक त्रिभुवन राजपथअन्तर्गत लामिडाँडा-सीमभञ्ज्याङ सडकखण्ड शुक्रबार र शनिबार दिउँसो सवारीसाधनको आवागमन बन्द हुने भएको छ ।

सडक डिभिजन कार्यालय हेटौंडाले त्रिभुवन राजपथअन्तर्गत लामिडाँडा-सीमभञ्ज्याङ सडक खण्डमा पर्ने रानीभञ्ज्याङ मोडमा सडक मर्मत तथा ह्युमपाइप बिछ्याउन कार्य गर्न लागिएकाले दुई दिन दिउँसो १२ बजेबाट ४ बजेसम्म सवारी आवागमन रोक लगाइएको जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले मंगलबार सार्वजनिक गरेको सूचनामा भनिएको छ, 'शुक्रबार र शनिबार त्रिभुवन राजपथको लामिडाँडा-सीमभञ्ज्याङ सडकखण्डअन्तर्गत् रानीभञ्ज्याङ क्षेत्रमा मर्मत सम्भार र ह्युमपाइप बिछ्याउने काम हुने भएकाले दुई दिन दैनिक चार घण्टा राजपथ बन्द गरिनेछ ।'

# बालमैत्री वडा घोषणाका लागि थाहामा अभिमुखीकरण



साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ थाहा नगरपालिकामा बालमैत्री वडा घोषणा अभियानलाई अगाडि बढाउन वडास्तरीय समिति तथा सरोकारवालाको अभिमुखीकरण सम्पन्न भएको छ ।

नगरको वडा न १ र ३ लाई बालमैत्री वडा घोषणा गर्ने अभियानअन्तर्गत कार्यक्रम आयोजना गरिएको हो । थाहा नगरपालिकाको आयोजनामा सम्पन्न कार्यक्रममा नगर प्रमुख विष्णु बिष्ट, वडा न १ को अध्यक्ष हेरमान गोपाली, वडा नं. ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, सामाजिक विकास शाखाप्रमुख अनिल लामिछाने, स्वास्थ्य शाखाप्रमुख मेघराज बलामी, शिक्षा शाखाअधिकृत सूर्य लामा, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविनबाबू अर्याल लगायत वडा नं. १ र ३ का विभिन्न सरोकारवालाको उपस्थिति थियो ।

कार्यक्रममा वडास्तरीय बालक्लब, स्थानीय स्वास्थ्यसंस्थाका प्रमुख, महिला स्वास्थ्यस्वयंसेविका तथा विभिन्न संघसंस्थाका प्रतिनिधिको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रमका फोकल पर्सन तथा प्रशिक्षक कुमार नेगीले बालमैत्री स्थानीय शासनका सूचकहरु, तिनीहरुको कार्यान्वयन चरण, तथा बालमैत्री वडा घोषणाका प्रक्रिया विषयमा सहजीकरण गरेका थिए । कार्यक्रममा पूर्वतयारी, समुदायस्तरीय समिति गठन तथा सूचकको स्थानीयकरण गर्ने निर्णय गरिएको थियो ।

थाहा नगरप्रमुख बिष्टले बालमैत्री स्थानीय शासन घोषणा नगरपालिकाको प्राथमिक एजेन्डामध्ये एक भएको बताएका छन् । 'बालबालिकाको अधिकार सुनिश्चित गर्नु हाम्रो दायित्व हो । त्यसैले थाहा नगरपालिकाले बालमैत्री स्थानीय शासनको मापदण्ड पुरा गर्नका लागि आवश्यक संरचना, नीति तथा कार्यक्रम सञ्चालन गरिरहेको छ' उनले बताए ।

नगरप्रमुख बिष्टका अनुसार पालिकाले वडा तहमा बालमैत्री समिति गठन, बाल क्लबको सक्रियता, स्वास्थ्य तथा शिक्षामा पहुँच विस्तार, बालश्रम न्यूनीकरण, बालहिंसाविरुद्ध जनचेतना कार्यक्रम र बालबालिकाका लागि सुरक्षित तथा अनुकूल वातावरण निर्माणमा विशेष ध्यान दिइरहेको छ ।

# मनहरीको ८७ करोड ७२ लाखको बजेट, १० करोड घट्यो




साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ मनहरी गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि ८७ करोड ७२ लाख ३९ हजार रुपैयाँको बजेट प्रश्तुत गरेको छ ।

मंगलबार गाउँपालिकामा भएको गाउँसभाको १७ औं अधिवेशनको दोस्रो बैठकमा पालिका उपाध्यक्ष सीता पुलामी मगरले चालु आर्थिक वर्षको भन्दा करिब १० करोड कमको बजेट प्रश्तुत गरेकी हुन् । चालु आर्थिक वर्षको बजेट ९७ करोड २७ लाख २८ हजार ६ सय रुपैयाँ रहेको छ । आगामी आर्थिक वर्षका लागि आयतर्फ आन्तरिक आयस्रोत तथा बैंक नगद अल्याबाट २६ करोड २ लाख ९० हजार ४६४ रुपैयाँ, संघीय सरकारको वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँट, समपुरक, सशर्त र विशेष समेत गरी ५२ करोड ५४ लाख ५४ हजार ५३६ रुपैयाँ, प्रदेश सरकारको सामनीकरण अनुदान, सवारी कर बाँडफाँट, सशर्त, समपुरक र विशेषगरी ८ करोड ९८ लाख ७४ हजार निकासा हुने र बाँकी १५ लाख ५० हजार रुपैयाँ अन्य संस्थागत आन्तरिक अनुदानबाट प्राप्त हुने अनुमान गरिएको छ ।

यस्तै व्ययतर्फ संघीय सरकारको सशर्त, विशेष र समपुरक गरी २३ करोड ८६ लाख, प्रदेश सरकारको समपुरक, विशेष र सशर्ततर्फ ५ करोड ४३ लाख ४४ हजार, संघ र प्रदेश सरकारले उपलब्ध गराएको समपुरक बजेटमा गाउँपालिकाको तर्फबाट समेत गरी ४ करोड २ लाख, प्रशासनिक चालुखर्च तथा कार्यक्रम खर्चतर्फ ११ करोड ७३ लाख खर्च हुने अनुमान गरिएको छ । यस्तै विषयगत कार्यक्रम क्रियाकलापतर्फ ९ करोड ८३ लाख २८ हजार, वडास्तरीय योजनातर्फ ४ करोड ९० लाख र गाउँपालिका स्तरीय योजना र पूर्वाधार विकास योजनामा २७ करोड ९४ लाख ६७ हजार रुपैयाँ व्यय हुने अनुमान रहेको उपाध्यक्ष मगरद्वारा प्रश्तुत आगामी आर्थिक वर्षको आयव्यय अनुमानमा उल्लेख छ ।

पालिकाले सबैभन्दा बढी बजेट पूर्वाधार विकासतर्फ ३३ करोड ११ लाख ८५ हजार रुपैयाँ विनियोजन गरेको छ भने वित्तीय व्यवस्था सुशासन तथा संस्थागत विकासतर्फ ६ करोड ४ लाख ३ हजार, आर्थिक विकासतर्फ ४ करोड ५५ लाख ४८ हजार, सामाजिक विकासतर्फ ३० करोड ४६ लाख ९३ हजार, वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ एक करोड ४५ लाख ६० हजार र कार्यालय सञ्चालन तथा प्रशासनिक दायित्वतर्फ १२ करोड ८ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरिएको छ ।


## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०३/०६ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- मोहन माझी (छोरा)* *जग्गावाला-सुकमान माझी (बुवा)*

यसमा जिल्ला मकवानपुर साविक फापरबारी गाविस वडा नं. ९ का निम्नानुसारका जगा हाम्रो बुवा सुकमान माझीको नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा निज हाम्रो बुवा सुकमान माझीको मिति २०४३/०४/०९ मा मृत्यु भईसकेको र निजको हक खाने निजकी एक मात्र पत्नि फूलमाया माझीको पनि मिति २०५४/०३/२६ मा मृत्यु भईसकेको र निजहरुको शेषपछि हक खाने हकदारहरु २ जना छोराहरु जेठो मोहन माझी-१ र कान्छो अनिस कुमार माझी भएको र २ जना छोरीहरुको जायजन्म भएकोमा दुवै जना सामाजिक परमपरा बमोजिम विवाह गरी पर घर गईसकेकोले कान्छो छोरा अनिस कुमार माझी हाल वैदेशीक रोजगारमा गएकोमा निजले मंजुरीनामा पठाएको र निजको हकमा निजकी पत्नि रविना राईले समेत मन्जुरी दिईएकोले म निवेदक जेठो छोरा मोहन माझीको नाममा एकलौटी छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि बकैया गाउँपालिका ७ नम्बर वडा कार्यालयको च.नं. ७५१ मिति २०८१/१०/१४ को छुट जग्गा दर्ता नामसारी सम्बन्धी हकभोग समेत खुलि आएको सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का तथा च.नं. ७४८ मिति २०८१/१०/१३ को नाता प्रमाणित प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्र, साविक लगत, फिल्डबुक उतार समेत संलग्न राखी द.नं. १०१ मिति २०८१/१०/१५ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित तपशिलका जग्गा निवेदकको नाममा छुट जग्गा दर्ता, नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा छुट जग्गा दर्ता, नामसारी गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी दिने भन्दा बाहेक अन्य कोही हकदार भए वा निवेदक तथा मंजुरी दिनेहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू- संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी- उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | सुकमान माझी गा.पं. फापरबारी वडा नं. ९ बाबु-सन्तवीर माझी बाजे-..... | फापरबारी | ९ | ६५६<br>६५७ | ०-१३-१५<br>०-६-३ | मोहन माझी | जि.म. फापरबारी ७७ नं. छतिवन, मौजेको २५ नं. रैति सन्तवीर माझी |

*ईति संवत २०८२ साल अषाढ महिनाको ०६ गते रोज ६ शुभम्.................।*



## पालुङ्ग बहुउद्देश्यीय सहकारी सस्था लि.

PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD

पालुङ, मकवानपुर । Palung, Makawanpur

## धितो सुरक्षणमा रहेको सम्पत्तिहरु लिलामबिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति: २०८२/०३/११

यस सहकारीबाट ऋण/कर्जा लिनुहुने तपसिलको ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याज र अन्यदस्तुर संस्थासँगको शर्त कबुलियतबमोजिम समय समयमा संस्थालाई तिर्न बुझाउन लिखित एवं मौखिक तर ताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्तागर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी संस्थालाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिँदाको बखत सुरक्षणमा लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोहीअवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संस्थाको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित चलअचल सम्पत्ति (जग्गा) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थाको प्रधान कार्यालय थाहानगरपालिका वार्ड नं. ४ मकवानपुरमा आई पुग्ने गरि गोप्य सिलबन्धि बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । तोकिएको समयभित्र संस्था समक्षप्राप्तबोलपत्रहरु मिति २०८२।०३।२५गते, दिनको ठिक ४:०० बजे संस्थाको प्रधानकार्यालय थाहानगरपालिका वार्ड नं. ४ मकवानपुरमाखोलिनेछ । उक्तदिन समयमाउपस्थितहुनुहुनबोलपत्रवालाहरु साथै कर्जा सुरक्षण बापत संस्थाको नाममाजग्गा रोक्कागरिदिन हुने धितो धनीतथा ऋण सँग सम्वन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सुचनाद्धारा जानकारी गराउँदछौ । बोलपत्रफारम संस्थाको प्रधानकार्यालयबाट रु ५०० (फिर्ता नहुनेगरि) तिरी खरिद गर्न सकिनेछ । बोलपत्रका साथलिलाम सकार्न कवुल गरेको कुलअंकको १० प्रतिशत धरौटी बापत जम्मा गर्नुपर्ने छ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस संस्थाको प्रधान कार्यालय थानाबजार मकवानपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

| क.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम** : मनहरी भट्ट<br>बाबुको नाम : बुद्धिसागर भट्ट<br>बाजेकोको नाम : चेत नाथ भट्ट<br>श्रीमतीको नामनिता भट्ट<br>ना.प्र.प.नं. ३१४४/१००<br>जारी मिति: २०५२।१०।२५<br>ठेगाना: थाहा ६ बज्रबाराही, मकवानपुर |  | मनहरी भट्टको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं १ स्थितकि.नं. ७२२ को क्षेत्रफल ०-३-३-३,वार्ड न १ को क्षेत्रफल ०-३-०-०, वार्ड नं ८ को ०-३-१-२, वार्ड न १ को क्षेत्रफल १-१४-०-३, वार्ड न ८ को क्षेत्रफल ०-०-२-२ को जग्गा । |
| २ | **नाम** : सान्तबहादुर बलामी<br>बाबुको नाम : पदमबहादुर बलामी<br>बाजेकोको नाम : धनलाल बलामी<br>ना.प्र.प.नं. ६१७<br>जारी मिति: २०४५।०१।२०<br>ठेगाना: बज्रबाराही-२ लिलाखेल, मकवानपुर<br>**जग्गा मञ्जुरी दिने**<br>नाम : विनाश्रेष्ठ<br>बाबुको नाम : पदमबहादुर बलामी<br>पतिको नाम : सन्तोष श्रेष्ठ<br>ना.प्र.प.नं. १०५७९<br>जारी मिति: २०६०।१२।०३<br>ठेगाना: काठमाण्डौं १३ | <br> | सान्त बहादुर बलामी र विना श्रेष्ठ को नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थितकि.नं. १३७७ को क्षेत्रफल ०-१०-०-०,सान्तबहादुर बलामी को नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं १ स्थित कि.नं. ७५५ को क्षेत्रफल ५-१३-३-०, को जग्गा । |

**सम्पर्क: पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको प्रधान कार्यालय, थाहानगरपालिका वडा नं ४, थानाबजार, मकवानपुर फोन नं: ०५७-४०००५, ०५७-४०००६, ५२३९४६**


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना